# कविलासी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : २ मिति : २०७७/११/२१

**भाग-२**

**कविलासी नगरपालिका**


कविलासी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिम कविलासी नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको शिक्षा प्रतिकार्य योजना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको योजना नं. २**

## कोभिड –१९ को सन्दर्भमा सिकाइ निरन्तरताका लागि

## शिक्षा प्रतिकार्य योजना

## शैक्षिक सत्र –२०७७


विद्यालय शिक्षा विकाश कार्यक्र (२०१६- २०२३)

समता रणनीति कार्यन्वयन योजना प्रारम्भिक खाका

(Equity Strategies Implementsation Plan ESIP)

(२०७७/७८ २०८० /२०८१ )

कविलासी नगरपालिका

सर्लाही

च.नं. ६१५

मिति ०६६/६८

स्थानीय शिक्षा अधिकृतक :

स्थानीय लेखा अधिकृतको :


प्र.प्र.अ.

नगर प्रमुख

नगर कार्यपालिकाबाट पारित मिति २०७७/ /

समता रणनीति कार्यान्वयन योजना २०७७/०७८ (कविलासी नगरपालिका ,सर्लाही) Page1of

समता रणनीति कार्यान्वयन योजना २०७७/०७८ (कविलासी नगरपालिका ,सर्लाही) Page2of



## कृतज्ञता ज्ञापन

जोखिम र विपद् व्यवस्थापन गर्न कोभिड-१९ ले सिर्जना गरेको परिस्थितिसँग रणनिति सहित सामना गर्नको लागि तथा बालवालिकाको सिकाइमा निरन्तरता दिनको लागि शिक्षा प्रतिकार्य योजना निर्माण गरिएको हो । यो योजना निर्माणमा प्रत्यक्ष र परोक्ष सहयोग गर्नु भएका नगरपालिकाका प्रमुख श्री कौशल किशोर यादबज्यू, श्री उपप्रमुख राधा देवीज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री श्यामकिशोर रायज्यू, सम्पूर्ण वडाअध्यक्षज्यूहरु धन्यवादका पात्र हुनुहुन्छ । यो योजना निर्माण गर्न गठित समिति, यस नगरपालिका अन्तर्गतका सबै विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु र वालविकाश सहयोगीकार्यकर्ता धन्यावादका विशेष पात्रहरु हून ।

नेपाल सरकारसँग शिक्षाको क्षेत्रमा साझेदारीको रुपमा काम गर्ने संस्था लगायत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रलाई धन्यवाद दिन चाहन्छौ । अन्त्यमा यस योजना निर्माणको क्रममा विशेष सहयोग गर्नु भएका प्रदेश नं. २ का फोकल परसन श्री रामेश्वर प्रसाद यादवज्यूलाई हृदयदेखि अभार व्यक्त गर्न चाहन्छौ ।

## १.पृष्ठभूमि/ परिचय

### १.१ पृष्टभूमि

सर्लाही जिल्लाको सदरमुकाम मलंगवा नगरपालिकाको उतरी क्षेत्रसँग सिमाना जोडिएको कविलासी नगरपालिका साबिकका ५ वटा गा.वि.स.हरू (कविलासी, जमुनिया, पिपरिया, सलेमपुर र हेमपुर) एकअपसमा गाभेर संघीय पुर्नसंरचना अयोगको प्रतिवेदन बमोजिम मिति २०७३ फागुन २७ गते देखि कविलासी गाउँपालिकाको रुपमा घोषाणा भइ पछि नेपाल सरकारबाट वि स २०७४ मा स्तरोन्नती गरी कविलासी नगरपालिका बनेको हो ।साबिकका सवै वडाहरूलाई पुर्नसंरचना गरी हाल यस नगरपालिका १० वटा वडामा विभाजन गरिएको छ । यस नगरपालिकाको वडा नं. ८ स्थित साविककै कविलासी गा.वि.स. को कार्यालय रहेको ठाउँ सबै वडाहरूका लागि भैगोलिक रूपमा पायक पर्ने भएकाले नगरपालिकाका केन्द्र सोही ठाउँ कविलासी टोलमा रहेको छ । यो नगरपालिका हालसम्म नेपालमा घोषणा भएको ७५३ स्थानीय तहमध्ये सवै भन्दा कान्छो नगरपालिकाको रुपमा रहेको छ । विभिन्न जातजाति धर्म, संस्कृतिको एकता प्रगाढ रहेको यो नगरपालिका, नेपालको प्रमुख राजमार्ग पूर्वपश्चिम महेन्द्र राजमार्ग र सर्लाही जिल्लाको सदरमुकाम मलंगवा जोड्ने प्रमुख सडक मलंगवा-नवलपुर सडक खण्डमा अवस्थित छ । यस नगरपालिका क्षेत्रभित्र सर्लाही जिल्लाकै सवैभन्दा प्रसिद्ध धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थान लगायत मन्दिरहरु जस्तै चमेलीमाई, गढीमाई र सर्लाहीयामाईको उपस्थिति पनि यस नगरपालिकाको समृद्धि र उत्थानका निमित ठूलो वरदानको रुपमा लिइएको छ । यस नगरपालिका मा मधेशी, ब्राहमण, क्षेत्री, जनजाती, मुस्लिम र अन्य जातजातीको समिश्रण सहितको मिश्रित जातजातीको वसोबास रहेको छ ।

## २. हालको परिवेश

१० वटा वडामा विभाजन भएको यस कविलासी नगरपालिकामा ३० वटा सामुदायिक र १३ वटा संस्थागत गरी जम्मा ४३ वटा विद्यालयहरू रहेका छन । जम्मा ३० वटा सामुदायिक विद्यालयहरू मध्ये आधारभूत तह सञ्चालित विद्यालयहरु २२ वटा रहेका छन् । जसमा कक्षा (१–८) संचालित ४ वटा र सो भन्दा तल २० वटा विद्यालय र माध्यमिक तहका ६ वटा विद्यालयमा पठनपाठन संचालन हुने गर्दछ र २ वटा मदरसा पनि संचालनमा रहेका छन् । यसैगरी संस्थागत विद्यालयहरूमा पनि पठनपाठन हुंदै अएको छ ।एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार शैक्षिक सत्र २०७७ मा सवै सामुदायिक विद्यालयमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको विवरण संख्या अपलोड गरिएको रहेछ साथै १६ वटा सामुदायिक विद्यालयमा बालविकास केन्द्र संचालनमा रहेको छ । यस नगरपालिकाको ३० वटा सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा १०१ जना आधारभूत तहमा १९ जना र माध्यमिक तहमा १६ जना गरी जम्मा १३६ जना शिक्षकहरू, ३० जना कार्यालय सहयोगी, ६ जना लेखा सहायक र ५२ जना महिला सहयोगीहरू कार्यरत छन ।

कोभिड–१९ ले महामारीको रूप लिएपश्चात त्यसको प्रभाव विश्व भरी नै फैलियो । जसबाट नेपाल र त्यसभित्रको हाम्रो कविलासी नगरपालिका पनि अछुतो रहन सकेन । कोरोनाबाट सबैभन्दा बढि शिक्षा क्षेत्र प्रभावित भयो ।विद्यालयहरु लगातार करिव ६ महिना बन्द भए र बालबालिकाहरुको नियमित पठनपाठन रोकियो केही विद्यालयहरु क्वारेन्टाइन स्थल र केही विद्यालयहरु आईसोलेशन कक्ष बने ।हाल सबै सामुदायिक विद्यालयहरु सरसफाई तथा रङरोगन गर्ने कार्य सँगै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले असोजमा तयार पारेको विद्यालय सञ्चालन निर्देशिका अनुसार सरोकारवालाहरु सँगको सँयुक्त छलफल पश्चात हाल कोरोना भाइरसको जोखिमका बाबजुद पनि यस कविलासी नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा सँस्थागत विद्यालयहरु स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालना गर्दै नियमित रुपमा सञ्चालन भईरहेका छन ।

**३.हालसम्मको समीक्षा**

गत शैक्षिक सत्र २०७६ को चैत्र महिनामा विद्यार्थी भाईबहिनीहरुको वार्षिक परीक्षा सकिएसँगै कोभिड–१९ को सङ्क्रमण र जोखिमबाट बच्नका लागि नेपाल सरकारले चैत्र ११ गते देखि बन्दाबन्दिको घोषणा गर्यो ।तत् पश्चात सबै शैक्षिक सँस्था तथा विद्यालयहरु बन्द हुन पुगे ।बन्दाबन्दिको समय थप हुदै गएपछि हामीले कक्षा ८ को पालिका स्तरीय परीक्षाको नतिजा प्रकाशन तथा प्रमाणीकरण र अन्य कक्षाका विद्यार्थीहरुको नतिजा सामाजिक सञ्जालन मार्फत प्रकाशन गर्ने काम सम्पन्न भयो । यस शैक्षिक सत्रको सुरुमै कक्षा १ देखि कक्षा १० सम्मका बालबालिकाहरुका लागि विद्यालय मार्फत निशुल्क पाठ्यपुस्तक खरिद गरी पालैपालो वितरण गर्ने कार्य गरेतापनि कोभिड–१९ ले गर्दा तत्काल विद्यालय सञ्चालन गर्न नसकिएका कारण विद्यार्थीहरुले घरमा नै स्वअध्ययन गरे ।विदेशबाट अउनेको संख्या र कोरानाका विरामीको संख्या घटेपछि क्वारेन्टाइन स्थल तथा आईसोलेशनका रुपमा प्रयोग भएका सबै विद्यालयहरुलाई वडा कार्यालय र नगरपालिकाको समन्वय र सहकार्यमा निसंक्रमणीकरण गर्ने कार्य भयो ।असार महिनामा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार पारेको विद्यार्थीहरुका लागि वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ अनुसार सबै विद्यालयका प्रधानाध्यापकहरु सँगको छलफल पश्चात सबै विद्यालयहरुले सिकाइ सहजीकरणका विभिन्न विकल्पहरुको अवलम्वन गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरे त्यसको करिव १ महिना पछि सर्लाही जिल्लामा कोरोना सँक्रमण बढेको भन्दै जिल्लास्तरीय कोभिड १९ रोकथाम तथा व्यवस्थापन समितिले कार्त्तिक महिना देखि मसिर १ गते सम्मका लागि विद्यालयमा प्रत्यक्ष रुपमा शिक्षण सिकाइ नगराई घरमै सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाउने भनी निर्देशन गरेसँगै विद्यार्थीहरुलाई गृहकार्य तथा परियोजना कार्य दिएर घरमै सिक्ने व्यवस्था मिलाउने गरी १ महिनाका लागि पुन विद्यालयहरु वाट सहजिकरण भए।सो समयमा यस नगरपालिकाको आर्थिक सहयोगमा सबै सामुदायिक विद्यालयहरुलाई सरसफाई गर्ने कार्य सम्पन्न भयो । फेरी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ अनुसार सबै सरोकारवालाहरुसँगको छलफल पश्चात मसिर महिना देखि स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालना गर्दै सबै सामुदायिक विद्यालयहरु

प्रत्यक्ष र नियमित रुपमा सञ्चालन हुदै आइरहेको छ ।सबै विद्यालयका सबै शिक्षकहरुलाई पुग्ने गरी राष्ट्रिय पाठ्यक्रम केन्द्रले तयार पारेको पाठ्यवस्तु समायोजन ढाँचा २०७७ छपाई गरी वितरण गरिएको छ ।

**४.उद्देश्य**

बालबालिकाहरुलाई कोरोना भाइरसको जोखिम र सँक्रमणबाट जोगाउदै उनीहरुको सिकाइलाई निरन्तर रुपमा सञ्चालन गर्ने कार्यमा मार्गदर्शन प्रदान गर्नका लागि तयार पारिएको यस शिक्षा प्रतिकार्य योजनाका उद्देश्यहरु निम्नानुसार रहेका छन्

क कोभिड–१९ को सङ्क्रमणका बेलामा पनि बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिनु ,

ख कोभिड–१९ को सङ्क्रमणबाट बालबालिकाहरुलाई बचाउनु

ग बालबालिकाहरुको सिकाइका लागि अभिभावकहरुलाई सक्रिय बनाउनु

घ सिकाइका लागि शिक्षाका बैकल्पिक माध्यमहरुको प्रयोगमा जोड दिनु

ङ विद्यार्थी शिक्षक र अभिभावकहरुलाई मनोसामाजिक परामर्श तथा सहयोग गर्नु

च बालबालिकाहरुको सिकाइ निरन्तरताका लागि सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्नु

**५.रणनीति**

यस शिक्षा प्रतिकार्य योजनाका उद्देश्यहरु पूरा गर्न निम्नानुसारका रणनीतिहरु तय गरिएका छन,

क बालबालिकाहरुको सिकाइलाई निरन्तरताका लागि टेलिसिकाइमा जोड दिइनेछ,

ख सबै विद्यालयहरुमा स्वास्थ्य तथा सरसफाईका सामग्रीको व्यवस्था गरिनेछ,

ग निश्चित समयावधिको अन्तरमा विद्यार्थी तथा शिक्षकहरुको स्वास्थ्य जांच गर्ने व्यवस्था मिलाईनेछ,

घ अभिभावक समूह गठन गरी अभिभावक शिक्षा सञ्चालन गरिनेछ,

ङ सिकाइका लागि रेडियो,टेलिभिजन तथा मोवाइल जस्ता प्रविधिको प्रयोगमा जोड दिइनेछ,

च विद्यार्थी शिक्षक र अभिभावकहरुलाई मनोसामाजिक परामर्श तथा सहयोग गर्ने खालका कार्यक्रम संचालन गरिनेछ,

छ सिकाइ निरन्तरताका लागि सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

**६. स्थानीय तहमा शिक्षा प्रतिकार्य योजना**

१. कोभिड संक्रमण फैलिएर विद्यालय बन्द भएमा

हाल प्रत्यक्ष र नियमित रुपमा सञ्चालन भईरहेका विद्यालयहरु यदि कोभिड–१९ को संक्रमण फैलिएर बन्द भएमा निम्नानुसारका क्रियाकलापहरु सञ्चालन गरिनेछन:

| क्र.सं. | क्रियाकलाप | विधि र प्रक्रिया | समय | अनुमानित बजेट | जिम्मेवारी | स्रोत अनुमान | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | विद्यालय | पालिका | प्रदेश | नेपाल सरकार | अन्य |
| १. | टोल सिकाइ कार्यक्रम | शिक्षक मार्फत वा टोल संयोजकको व्यवस्था गरी विद्यार्थीहरूको सम्बन्धित टोलमा अस्थायी सिकाइ केन्द्रको स्थापना गरी स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाउदै सिकाइ सहजीकरण गर्ने । | हप्तामा २ दिन | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स.,अभिभावक,सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| २. | गृह विद्यालय कार्यक्रम | प्रत्येक विद्यार्थीको घरमा एक जना अभिभावक वा माथिल्लो कक्षामा अध्ययन गर्ने अभिभावकलाई सहजकर्ता शिक्षकको रूपमा छनौट गरी उनीहरूलाई अभिमूखीकरण गर्ने र गृह विद्यालय कार्यक्रम सञ्चालन गर्ने, शिक्षकले सिकाइ सहजीकरणका बेला अभिभावक सहजकर्तालाई परेका कठिनाईहरुको समाधानमा सहयोग तथा बेला बेला अनुगमन गर्ने । | संक्रमण अवधिभर | बिना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, पालिका | | | | | |
| ३. | स्वाअध्ययन सामग्री वितरण | नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षा समूहले तयार पारेको अभिभावको सहयोगमा बालबालिकालाई घरमै गराउन सकिने सिकाइ क्रियाकलाप नामक स्वाअध्ययन सामग्री छपाई गरी वितरण गर्ने तथा सो अनुसार सिकाई भएनभएको समय समयमा अनुगमन गर्ने | संक्रमण अवधिभर | ४ लाख | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | १ लाख | | ३ लाख | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | शिक्षकहरूबाट घरदैलो कार्यक्रम | विद्यार्थीहरूलाई घरमै बसेर गर्न सकिने खालका परियोजना कार्यहरू दिई हप्ताको एकपटक एकजना शिक्षक प्रत्येक विद्यार्थीको घरमा पुगेर त्यसको जाँच गर्ने तथा थप सहयोग र सल्लाह सुझाव प्रदान गर्ने | हप्ताको एकपटक | आवश्यक्ताअनुसार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| ५. | टेलिभिजन तथा रेडियो शिक्षा | विभिन्न स्थानीय रेडियो तथा टेलिभिजनको पहुँचमा रहेका बालबालिकाहरूका लागि रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने शिक्षण कार्यक्रमहरूको समय तालिका टिपोट गरी त्यसको जानकारी गराउने र कार्यक्रम सुन्न तथा हेर्न उत्प्रेरित गर्ने तथा विद्यार्थीले सो कार्य गरे नगरेको बेला बेला अनुगमन तथा अभिभावक संग सोधपुछ गर्ने र थप अवश्यक सहयोग गर्ने | निरन्तर | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| ६. | सि.यु.जी. सेवा विस्तार कार्यक्रम | सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको संख्या एकिन गरी प्रतिविद्यार्थी १२५ का दरले ३ महिनाको अनुदान रकम विद्यालयमा उपलब्ध गराउने, सो अनुदानबाट विद्यालय तहमा सञ्चार सञ्जालीकरण कार्यविधि २०७७ अनुसारको विधि र प्रक्रिया अपनाइ शिक्षक तथा विद्यार्थीहरुलाई सि यु जी सेवामा आबद्ध गरी शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने । | पहिलो ३ महिना सम्म | १० लाख १५ हजार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| ७. | इन्टरनेट सेवा विस्तार कार्यक्रम | विद्युतको पहुंच पुगेका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तारका लागि प्रतिविद्यालय रु १२ हजारका दरले अनुदान उपलब्ध | निरन्तर | १ लाख ३२ हजार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गराउने , सो रकमबाट विद्यालयले इन्टरनेट सेवा जडान गरी सूचना प्रविधिमा आधरित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने , पहिले नै इन्टरनेट जडान गरिसकेका विद्यालयहरुले जडित इन्टरनेट सेवा शुल्क भुक्तानी गर्ने । | | | कार्यालय, पालिका | | | | | |
| ८. | अभिभावक शिक्षा कार्यक्रम संचालन | विद्यालयका प्रत्येक कक्षा शिक्षकलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि क्षमता अभिवृद्धि गरी फरक फरक कक्षा अनुसार दुई महिनाको एक पटक विद्यालयमा नै बोलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, सिअभिभावक शिक्षा रेडियो कार्यक्रम सिक्दै सिकाउँदै कार्यक्रम प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराई कार्यक्रम सुन्न लगाउने, | दुई महिनाको एकपट क | | शिक्षक,प्र.अ.,वि.व्य.स ., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| ९. | टेलिसिकाइ कार्यक्रम संचालन | हरेक घरमा बालबालिकाहरुलाई सिकाइ सहजीकरण गर्नका लागि एक जना अभिभावकलाई सहजकर्ताका रुपमा तोक्ने साथै अभिभावक घरमा नहुँदाको बखतका लागि बैकल्पिक अभिभावक तथा छिमेकी अभिभावक तोकी हरेक घरमा सिकाइ कुनाको स्थापना गर्न प्रेरित गर्ने सकेसम्म आवश्यक हुनासाथ शिक्षकलाई सम्पर्क गर्न मिल्ने गरी टेलिफोनमा पहुंच सुनिश्चित गर्ने , सबै अभिभावकलाई विद्यालयले नेपाल टेलिकमको सी यु जी सेवामा दर्ता गर्ने , सी यु जी सेवामा दर्ता भएपश्चात टेलिफोन मार्फत शिक्षण सिकाइ,सन्देश मार्फत शिक्षण सिकाइ, टेलिफोन | बन्दाबन्दीको अवधिभर | | शिक्षक,प्र.अ.,वि.व्य.स ., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वृक्षमार्फत शिक्षण सिकाइ, टेलिफोन कार्यशाला गरी शिक्षण सिकाइ र मोवाईल मिसकलमा आधारित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने । नेपाल सरकार र नेपाल शिक्षा समूहले तयार पारेको टेलिफोनबाट संचालन गर्न सकिने पूर्व प्राथमिक देखि कक्षा ८ सम्मका बालकेन्द्रित क्रियाकलापका उदाहरणहरु छपाई गरी वितरण गर्ने तथा सोही अनुसारका सिकाइ क्रियाकलाप संचालन गर्ने गराउने । | | | | | | | | |
| १० . | मनोसामाजिक सहयोग कार्यक्रम | प्रत्येक विद्यालयमा दुई दुई जना शिक्षकलाई मनोसामाजिक फोकल शिक्षकका रुपमा विकास गरी विद्यार्थीहरु तथा अन्य शिक्षक र अभिभावकका लागि मनोवैज्ञानिक सहयोग, मनोसामाजिक परामर्श तथा मनोशिक्षा संचालन गर्ने, स्थानीय तह संगको समन्वयमा एक जना स्वास्थकर्मीलाई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत ढाँचामा आधारित रहेर मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श सम्बन्धी तालिम दिई रिफरल संस्थाको रुपमा विकास गर्ने ।जटिल मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई रिफरल स्वास्थ्य संस्थामा रिफर गर्ने, यदि स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा पाईने अवस्था नभएमा सबैलाई टेलिफोन मार्फत विज्ञ स्तरको सेवाका लागि निशुल्क हेल्पलाईन नम्बर | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उपलब्ध गराउने । | | | | | | | | |
| ११ | गरिव,विपन्न वर्ग लक्षित वर्ग पहिचान गरी सिकाई सामग्री वितरण | विद्यालय शिक्षामा आबद्ध हुन नसकेका बालबालिकाहरुको पहिचान गरी आवश्यक्ताका आधारमा उनीहरुलाई सिकाई सामग्री वितरण गर्ने तथा परिवेश अनुसारका सिकाइका बैकल्पिक माध्यमहरुको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने । | निरन्तर | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| १२ | टेलिभिजन तथा रेडियो शिक्षा | विभिन्न स्थानीय रेडियो तथा टेलिभिजनको पहुँचमा रहेका बालबालिकाहरूका लागि रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने शिक्षण कार्यक्रमहरूको समय तालिका टिपोट गरी त्यसको जानकारी गराउने र कार्यक्रम सुन्न तथा हेर्न उत्प्रेरित गर्ने तथा विद्यार्थीले सो कार्य गरे नगरेको बेला बेला अनुगमन तथा अभिभावक संग सोधपुछ गर्ने र थप अवश्यक सहयोग गर्ने | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |

२. आंशिक विद्यालय सञ्चालन भएमा

हाल प्रत्यक्ष र नियमित रुपमा सञ्चालन भईरहेका विद्यालयहरु यदि कोभिड–१९ को संक्रमण फैलिएर आंशिक रुपमा संचालन गर्नुपर्ने भएमा निम्नानुसारका क्रियाकलापहरु गरिनेछन:

| क्र. सं. | क्रियाकलाप | विधि र प्रक्रिया | समय | अनुमानित बजेट | जिम्मेवारी | स्रोत अनुमान | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | विद्यालय | पालिका | प्रदेश | नेपाल सरकार | अन्य |
| १. | टोल सिकाइ कार्यक्रम | शिक्षकलाई टोल संयोजक बनाई विद्यार्थीहरूको सम्बन्धित टोलमा गई स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाउदै सिकाइ सहजीकरण गर्ने त्यसका लागि अस्थायी सिकाइ केन्द्रहरु स्थापना गर्ने । | | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| २. | अभिभावक शिक्षक कार्यक्रम | प्रत्येक विद्यार्थीको घरमा एक जना अभिभावक वा माथिल्लो कक्षामा अध्ययन गर्ने अभिभावकलाई सहजकर्ता शिक्षकको रूपमा छनौट गरी उनीहरूलाई अभिमूखीकरण गर्ने र गृह विद्यालय कार्यक्रम सञ्चालन गर्ने, साथै बेलाबेला अनुगमन गर्ने | | बिना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, | | | | | |
| ३. | स्वाअध्ययन सामग्री वितरण | नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षा समूहले तयार पारेको अभिभावको सहयोगमा बालबालिकालाई घरमै गराउन सकिने सिकाई क्रियाकलाप नामक स्वाअध्ययन सामग्री छपाई गरी वितरण गर्ने तथा सो अनुसार सिकाई | | ४ लाख | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | १ लाख | | ३ लाख | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भएनभएको समय समयमा अनुगमन गर्ने | | | | | | | | | |
| ४. | शिक्षकहरूबाट घरदैलो कार्यक्रम | विद्यार्थीहरूलाई घरमै बसेर गर्न सकिने खालका परियोजना कार्यहरू दिई हप्ताको एकपटक एकजना शिक्षक प्रत्येक विद्यार्थीको घरमा पुगेर त्यसको जाँच गर्ने तथा थप सहयोग र सल्लाह सुझाव प्रदान गर्ने | | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | | |
| ५. | टेलिभिजन तथा रेडियो शिक्षा | विभिन्न स्थानीय रेडियो तथा टेलिभिजनको पहुँचमा रहेका बालबालिकाहरूका लागि रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने शिक्षण कार्यक्रमहरूको समय तालिका टिपोट गरी त्यसको जानकारी गराउने र कार्यक्रम सुन्न तथा हेर्न उत्प्रेरित गर्ने तथा विद्यार्थीले सो कार्य गरे नगरेको बेला बेला अनुगमन तथा अभिभावक संग सोधपुछ गर्ने र थप अवश्यक सहयोग गर्ने | | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | | |
| ६. | सि.यु.जी. सेवा विस्तार कार्यक्रम | सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको संख्या एकिन गरी प्रतिविद्यार्थी १२५ का दरले ३ | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिनाको अनुदान रकम विद्यालयमा उपलब्ध गराउने, सो अनुदानबाट विद्यालय तहमा सञ्चार सञ्जालीकरण कार्यविधि २०७७ अनुसारको विधि र प्रक्रिया अपनाइ शिक्षक तथा विद्यार्थीहरुलाई सि यु जी सेवामा आबद्ध गरी शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने । | | | पालिका | | | | | |
| ७. | इन्टरनेट सेवा विस्तार कार्यक्रम | विद्युतको पहुंच पुगेका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तारका लागि प्रतिविद्यालय रु १२ हजारका दरले अनुदान उपलब्ध गराउने , सो रकमबाट विद्यालयले इन्टरनेट सेवा जडान गरी सूचना प्रविधिमा आधरित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने , पहिले नै इन्टरनेट जडान गरिसकेका विद्यालयहरुले जडित इन्टरनेट सेवा शुल्क भुक्तानी गर्ने । | | | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| ८. | अभिभावक शिक्षा कार्यक्रम संचालन | विद्यालयका प्रत्येक कक्षा शिक्षकलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि क्षमता अभिवृद्दि गरी फरक फरक कक्षा अनुसार दुई महिनाको एक पटक विद्यालयमा नै बोलाई | | | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, अभिभावक शिक्षा रेडियो कार्यक्रम सिक्दै सिकाउँदै कार्यक्रम प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराई कार्यक्रम सुन्न लगाउने, | | | | | | | | |
| ९. | टेलिसिकाइ कार्यक्रम संचालन | हरेक घरमा बालबालिकाहरुलाई सिकाइ सहजीकरण गर्नका लागि एक जना अभिभावकलाई सहजकर्ताका रुपमा तोक्ने साथै अभिभावक घरमा नहुँदाको बखतका लागि बैकल्पिक अभिभावक तथा छिमेकी अभिभावक तोकी हरेक घरमा सिकाइ कुनाको स्थापना गर्न प्रेरित गर्ने सकेसम्म आवश्यक हुनासाथ शिक्षकलाई सम्पर्क गर्न मिल्ने गरी टेलिफोनमा पहुंच सुनिश्चित गर्ने , सबै अभिभावकलाई विद्यालयले नेपाल टेलिकमको सी यु जी सेवामा दर्ता गर्ने , सी यु जी सेवामा दर्ता भएपश्चात टेलिफोन मार्फत शिक्षण सिकाइ,सन्देश मार्फत शिक्षण सिकाइ, टेलिफोन वृक्षमार्फत शिक्षण सिकाइ, टेलिफोन कार्यशाला गरी शिक्षण सिकाइ र मोवाईल मिसकलमा आधारित शिक्षण सिकाइ क्रियाकलाप | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संचालन गर्ने । नेपाल सरकार र नेपाल शिक्षा समूहले तयार पारेको टेलिफोनबाट संचालन गर्न सकिने पूर्व प्राथमिक देखि कक्षा ८ सम्मका बालकेन्द्रित क्रियाकलापका उदाहरणहरु छपाई गरी वितरण गर्ने तथा सोही अनुसारका सिकाइ क्रियाकलाप संचालन गर्ने गराउने । | | | | | | | | |
| १०. | मनेसामाजिक सहयोग कार्यक्रम | प्रत्येक विद्यालयमा दुई दुई जना शिक्षकलाई मनोसामाजिक फोकल शिक्षकका रुपमा विकास गरी विद्यार्थीहरु तथा अन्य शिक्षक र अभिभावकका लागि मनोवैज्ञानिक सहयोग, मनोसामाजिक परामर्श तथा मनोशिक्षा संचालन गर्ने, स्थानीय तह संगको समन्वयमा एक जना स्वास्थकर्मीलाई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत ढाँचामा आधारित रहेर मानसिक स्वास्थ्य र मनेसामाजिक परामर्श सम्बन्धी तालिम दिई रिफरल संस्थाको रुपमा विकास गर्ने ।जटिल मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई रिफरल स्वास्थ्य | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका, विद्यालय व्यवस्थापन समिति सहासंघ | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संस्थामा रिफर गर्ने, यदि स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा पाईने अवस्था नभएमा सबैलाई टेलिफोन मार्फत विज्ञ स्तरको सेवाका लागि निशुल्क हेल्पलाईन नम्बर उपलब्ध गराउने । | | | | | | | | |
| ११ | गरिव,विपन्न वर्ग लक्षित वर्ग पहिचान गरी सिकाई सामग्री वितरण | विद्यालय शिक्षामा आबद्ध हुन नसकेका बालबालिकाहरुको पहिचान गरी आवश्यक्ताका आधारमा उनीहरुलाई सिकाई सामग्री वितरण गर्ने तथा परिवेश अनुसारका सिकाइका बैकल्पिक माध्यमहरुको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने । | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| १२ | मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | प्रत्येक विद्यालयमा दुई दुई जना शिक्षकलाई मनोसामाजिक फोकल शिक्षकका रुपमा विकास गरी विद्यार्थीहरु तथा अन्य शिक्षक र अभिभावकका लागि मनोवैज्ञानिक सहयोग, मनोसामाजिक परामर्श तथा मनोशिक्षा संचालन गर्ने, स्थानीय तह संगको समन्वयमा एक जना स्वास्थकर्मीलाई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत ढाँचामा आधारित रहेर मानसिक स्वास्थ्य र मनेसामाजिक परामर्श सम्बन्धी तालिम दिई रिफरल | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका, विद्यालय व्यवस्थापन समिति महासंघ | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संस्थाको रुपमा विकास गर्ने ।जटिल मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई रिफरल स्वास्थ्य संस्थामा रिफर गर्ने, यदि स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा पाईने अवस्था नभएमा सबैलाई टेलिफोन मार्फत विज्ञ स्तरको सेवाका लागि निशुल्क हेल्पलाईन नम्बर उपलब्ध गराउने । | | | | | | | | |
| १३ | विद्यालयमा सरसफाई तथा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थाप | विद्यालयमा सबैले अनिवार्य रूपमा उचित तरिकाले मास्कको प्रयोग गर्ने, विद्यालयमा स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्रीहरू(मास्क,सेनिटाइजर,सावुन,फिनाईल अदि) व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा बालविकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या एकिन गरी प्रति विद्यार्थी रू २०० का दरले अनुदान उपलब्ध गराउने,<br>उक्त अनुदानबाट विद्यालयले आवश्यक स्वास्थ्य सामग्री खरिद गरी त्यसको उचित प्रयोग गर्न लगाउने<br>साथै नियमित रूपमा सो कार्यको अनुगमन गर्ने | | | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय,<br>पालिका | | | | | |
| १२ | विद्यार्थी मूल्याङ्कन तथा उपचारात्मक | विद्यार्थीले वैकल्पिक माध्यमबाट सिकेको पूर्व सिकाइ तथा पाठ्यवस्तु समायोजन ढाँचा २०७७ अनुसार | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | भएका सिकाइको नियमित मूल्याङ्कन गरी उनीहरूको स्तर,आवश्यक्ता निर्धारण गरी सिकाइमा पछि परेका बालबालिकाहरूका लागि थप अतिरिक्त कक्षा वा उपचारात्मक शिक्षणको व्यवस्था गर्ने ।<br>प्रत्येक विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी मूल्याङ्कनको अभिलेख राख्ने तथा विद्यार्थीको नतिजा बारेमा अभिभावकलाई जानकारी गराउने । | | | | | | | | |

३. कोभिड–१९ को जोखिमका बाबजुत विद्यालय सञ्चालन गर्नुपरेमा

हालको जस्तै अवस्था अर्थात कोभिड–१९ को जोखिमका बाबजुद पनि प्रत्यक्ष र नियमित रुपमा विद्यालयहरु संचालन गर्नुपर्ने भएमा निम्नानुसारका क्रियाकलापहरु गरिनेछन:

| क्र. सं. | क्रियाकलाप | विधि र प्रक्रिया | समय | अनुमानित बजेट | जिम्मेवारी | स्रोत अनुमान | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | विद्यालय | पालिका | प्रदेश | नेपाल सरकार | अन्य |
| १. | सरोकारवालाहरूको बैठक संचालन तथा छलफल | जनप्रतिनिधि, शिक्षाविद्, शिक्षक महासंघ र विद्यालय सञ्चालकहरूको छाता संगठनका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी, स्वास्थ्य | पहिलो हप्ता | प्रतिव्यक्ति रु १०० दरले खाजा खर्च र प्रतिव्यक्ति रु ५० का दरले स्टेशनरी खर्च गरी | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्मी, बालयुवा क्लबका सदस्यहरूसँग / खोल्ने परामर्श गरी विद्यालय आधारहरूको समीक्षा गर्ने | | ५० जनालाई ७ हजार ५ सय | | | | | | |
| २. | अभिभावक शिक्षा कार्यक्रम | विद्यालयका प्रत्येक कक्षा शिक्षकलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि क्षमता अभिवृद्धि गरी फरक फरक कक्षा अनुसार दुई महिनाको एक पटक विद्यालयमा नै बोलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, सिअभिभावक शिक्षा रेडियो कार्यक्रम सिक्दै सिकाउँदै कार्यक्रम प्रसारण हुने समय तालिकाका बारेमा जानकारी गराई कार्यक्रम सुन्न लगाउने, | | बिना बजेट | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ✓ | | | | |
| ३. | विद्यालय सरसफाई कार्यक्रम विद्यालयमा सरसफाई कर्नर स्थापना | बालविकास केन्द्र तथा विद्यालयको कक्षाकोठा,फर्निचर,खेलमैदान,पुस्तकालय,प्रयेगशाला,शोचालय अदिलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तयार पारिएको प्रतिसङ्क्रमण गर्ने विधि अनुसार निर्मलीकरण तथा नियमित सरसफाइ गर्ने ,प्रत्येक विद्यालयको गेट नजिकविद्यार्थी संख्या प्रयाप्त सफा पानी र साबुन सहितको हात धुने ठाउँको स्थापना गर्ने तथा सबै | | ८ लाख | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | १ लाख | | ३ लाख | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालबालिकाहरूलाई नियमित हात धुने बानिको विकास गराउने । | | | | | | | | |
| ४. | विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन | विद्यालयमा सबैले अनिवार्य रूपमा उचित तरिकाले मास्कको प्रयोग गर्ने,विद्यालयमा स्वास्थ्य सुरक्षा सम्बन्धी सामग्रीहरू(मास्क,सेनिटाइजर,सावुन,फिनाईल अदि) व्यवस्थापन गर्न सामुदायिक विद्यालयमा बालविकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या एकिन गरी प्रति विद्यार्थी रू २०० का दरले अनुदान उपलब्ध गराउने, उक्त अनुदानबाट विद्यालयले अवश्यक स्वास्थ्य सामग्री खरिद गरी त्यसको उचित प्रयोग गर्न लगाउने तथा नियमित रूपमा सो कार्यको अनुगमन गर्ने | | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | ✓ | |
| ५. | सरसफाई तथा स्वास्थ्य सुरक्षा सम्बन्धि नियमहरू निर्माण तथा कार्यान्वयन | प्रत्येक विद्यालयले कोभिड १९ को संक्रमण तथा जोखिम न्यूनीकरणका लागि पालना गर्नुपर्ने अचारसंहिता तथा संक्रमणको बेला गर्नुपर्ने र गर्न नहुने क्रियाकलापहरूको सूची तयार पारी प्रत्येक कक्षाकोठा, शौचालय, धारा तथा बाहिर सबैले देख्ने ठाउँमा टाँस | | ९० हजार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ✓ | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने,साथै सो अचारसिंहता तथा नियमहरू अनिवार्य रूपमा पालना गर्ने,गराउने । एकजना शिक्षकलाई सम्पर्क व्यक्ति तोक्ने तथा विद्यार्थीहरूको कार्यलाई व्यवस्थित बनाउन प्रत्येक कक्षामा मनिटरको व्यवस्था गर्ने | | | | | | | | |
| ६ | भौतिक सुविद्या तथा बसाइ व्यवस्थापनमा सुधार | विद्यालयमा विद्यार्थीहरू बीच न्यूनतम एक मिटरको भैतिक दूरी कायम हुने गरी कक्षाकोठाको बसाइ व्यवस्थापन गर्ने तथा बसाइ व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा,शौचालय फर्निचरको मर्मत तथा प्रबन्ध गर्ने, एउटा कक्षाका विद्यार्थीहरूलाई सकेसम्म एउटै कक्षा र एउटै समुहमा राखे, कक्षाकोठामा झ्याल ढोका खुला राखी प्रयाप्त हावा अवतजावत गर्न सक्ने बनाउने एवं विद्यार्थीका सामग्री तथा खानेकुराहरू साटासाट नगर्ने,नगराउने । | | ६० लाख | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ५० लाख | १० लाख | | | |
| ७. | पाठ्यवस्तु समायोजन ढाँचा वितरण | पाठ्यक्रम विकास केन्द्रले तयार तयार पारेको पाठ्यवस्तु समायोजन ढाँचा २०७७ छपाई गरी सबै सामुदायिक विद्यालयका प्रत्येक शिक्षकलाई पुग्ने | | ४० हजार | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, | | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गरी वितरण गर्ने र सोही ढाँचा अनुसार सिकाइ सहजीकरण तथा पठनपाठनका क्रियाकलाप संचालन गर्ने,गराउने र सो अनुसार पठनपाठन संचालन भए नभएको नियमित अनुगमन गर्ने । | | | पालिका | | | | | |
| ८ | सि.यु.जी. सेवा विस्तार कार्यक्रम | सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको संख्या एकिन गरी प्रतिविद्यार्थी १२५ का दरले ३ महिनाको अनुदान रकम विद्यालयमा उपलब्ध गराउने, सो अनुदानबाट विद्यालय तहमा सञ्चार सञ्जालीकरण कार्यविधि २०७७ अनुसारको विधि र प्रक्रिया अपनाइ शिक्षक तथा विद्यार्थीहरुलाई सि यु जी सेवामा आबद्ध गरी शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने । | | ९ लाख ४० हजार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ९ लाख ४० हजार | | | ✓ | |
| ९. | इन्टरनेट सेवा विस्तार कार्यक्रम | विद्युतको पहुंच पुगेका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तारका लागि प्रतिविद्यालय रु १२ हजारका दरले अनुदान उपलब्ध गराउने , सो रकमबाट विद्यालयले इन्टरनेट सेवा जडान गरी सूचना प्रविधिमा आधरित | | १ लाख ३२ हजार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | ✓ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने ,पहिले नै इन्टरनेट जडान गरिसकेका विद्यालयहरुले जडित इन्टरनेट सेवा शुल्क भुक्तानी गर्ने । | | | | | | | | |
| १० | टेलिसिकाइ कार्यक्रम संचालन | हरेक घरमा बालबालिकाहरुलाई सिकाइ सहजीकरण गर्नका लागि एक जना अभिभावकलाई सहजकर्ताका रुपमा तोक्ने साथै अभिभावक घरमा नहुँदाको बखतका लागि बैकल्पिक अभिभावक तथा छिमेकी अभिभावक तोकी हरेक घरमा सिकाइ कुनाको स्थापना गर्न प्रेरित गर्ने सकेसम्म आवश्यक हुनासाथ शिक्षकलाई सम्पर्क गर्न मिल्ने गरी टेलिफोनमा पहुंच सुनिश्चित गर्ने , सबै अभिभावकलाई विद्यालयले नेपाल टेलिकमको सी यु जी सेवामा दर्ता गर्ने , सी यु जी सेवामा दर्ता भएपश्चात टेलिफोन मार्फत शिक्षण सिकाइ,सन्देश मार्फत शिक्षण सिकाइ, टेलिफोन वृक्षमार्फत शिक्षण सिकाइ, टेलिफोन कार्यशाला गरी शिक्षण सिकाइ र मोवाईल मिसकलमा आधारित शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने । नेपाल सरकार र | | | | ✓ | ✓ | | ✓ | ✓ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल शिक्षा समूहले तयार पारेको टेलिफोनबाट संचालन गर्न सकिने पूर्व प्राथमिक देखि कक्षा ८ सम्मका बालकेन्द्रित क्रियाकलापका उदाहरणहरु छपाई गरी वितरण गर्ने तथा सोही अनुसारका सिकाइ क्रियाकलाप संचालन गर्ने गराउने । | | | | | | | |
| ११ | सिकाइ सहयोगका लागि अभिभावक समूह गठन तथा परिचालन | प्रत्येक विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रका १५ देखि २० परिवारका सदस्यहरु मध्येबाट एक परिवार एक सदस्य हुने गरी एक जना संयोजक र एक जना उपसंयोजक सहितको अभिभावक टोल समूह गठन गर्ने, सो समूहको परिचालनका लागि वि व्य स ले एक जना सम्पर्क शिक्षक छनौट गरी तालिम तथा गोष्ठी संचालन गर्ने, उक्त समूहले विद्यार्थीहरुको सिकाइमा सहयोगका लागि उनीहरुलाई घरमा दिनुपर्ने समय तथा अभिभावकको आचारसंहिता तयार गरी लागु गराउने तथा बैकल्पिक शिक्षाको प्रभावकारितामा जोड दिने खालका क्रियाकलाप संचालन गर्ने, अभिभावक | | १ लाख | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका, विद्यालय व्यवस्थापन समिति सहासंघ | ✓ | ✓ | | ✓ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | समूहको बैठक कम्तिमा महिनाको एक पटक बस्ने । | | | | | | | | |
| १२ | स्वाअध्ययन सामग्री वितरण | नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षा समूहले तयार पारेको अभिभावकको सहयोगमा बालबालिकालाई घरमै गराउन सकिने सिकाई क्रियाकलाप नामक स्वाअध्ययन सामग्री छपाई गरी वितरण गर्ने तथा सो अनुसार सिकाई भएनभएको समय समयमा अनुगमन गर्ने । | | ४ लाख | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | ✓ | | ✓ | |
| १३ | मनोसामाजिक परामर्श तथा सहयोग कार्यक्रम | प्रत्येक विद्यालयमा दुई दुई जना शिक्षकलाई मनोसामाजिक फोकल शिक्षकका रुपमा विकास गरी विद्यार्थीहरु तथा अन्य शिक्षक र अभिभावकका लागि मनोवैज्ञानिक सहयोग, मनोसामाजिक परामर्श तथा मनोशिक्षा संचालन गर्ने, स्थानीय तह संगको समन्वयमा एक जना स्वास्थकर्मीलाई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वीकृत ढाँचामा आधारित रहेर मानसिक स्वास्थ्य र मनेसामाजिक परामर्श सम्बन्धी तालिम दिई रिफरल संस्थाको रुपमा विकास गर्ने ।जटिल | | १ लाख | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका, विद्यालय व्यवस्थापन समिति सहासंघ | | ✓ | | | ✓ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई रिफरल स्वास्थ्य संस्थामा रिफर गर्ने, यदि स्थानीय तहमा मानसिक स्वास्थ्य सेवा पाईने अवस्था नभएमा सबैलाई टेलिफोन मार्फत विज्ञ स्तरको सेवाका लागि निशुल्क हेल्पलाईन नम्बर उपलब्ध गराउने । | | | | | | | | |
| १४ | लक्षित वर्गका बालबालिकाको पहिचान तथा सिकाइ सामग्री वितरण | गरिबी तथा आर्थिक अवस्था कमजोर भएका र अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गरी उनीहरुको आवश्यक्ता अनुसारका सिकाइ सामग्रीहरु वितरण गर्ने ।त्यस्ता बालबालिकाका अभिभावकहरुलाई बालबिलकालाई सिकाउने शैलिका बारेमा ज्ञान र सिप दिने, समयसमयमा वडा र पालिकाबाट अनुगमन गरी पृष्ठपेषण दिने ।बालबालिकाहरुलाई वैकल्पिक शिक्षाको पहुंच पुर्याई सिकाइको अभिलेखीकरण गर्ने । | | २ लाख | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | ✓ | | | ✓ |
| १५ | नियमित विद्यार्थी मूल्याङ्कन तथा उपचारात्मक कक्षा संचालन | विद्यार्थीले वैकल्पिक माध्यमबाट सिकेको पूर्व सिकाइ तथा पाठ्यवस्तु समायोजन ढाँचा २०७७ अनुसार भएका सिकाइको नियमित मूल्याङ्कन | | आवश्यक्ता अनुसार | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, | ✓ | ✓ | | ✓ | ✓ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गरी उनीहरूको स्तर,आवश्यक्ता निर्धारण गरी सिकाइमा पछि परेका बालबालिकाहरूका लागि थप अतिरिक्त कक्षा वा उपचारात्मक शिक्षणको व्यवस्था गर्ने ।प्रत्येक विद्यार्थीको व्यक्तिगत फाइल खडा गरी मूल्याङ्कनको अभिलेख राख्ने तथा विद्यार्थीको नतिजा बारेमा अभिभालकलाई जानकारी गराउने । | | | पालिका | | | | | |
| १६ | विद्यार्थी भर्ना कार्यक्रम तथा घरदैलो अभियान | विद्यालयमा शिक्षक,अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको बैठक बसी विद्यार्थी भर्ना संचालन बारे छलफल गर्ने, विद्यालयको पहुंच बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउनका लागि घरदैलो अभियान संचालन गर्ने । | | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |
| १७ | टेलिभिजन तथा रेडियो शिक्षा | विभिन्न स्थानीय रेडियो तथा टेलिभिजनको पहुँचमा रहेका बालबालिकाहरूका लागि रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने शिक्षण कार्यक्रमहरूको समय तालिका टिपोट गरी त्यसको जानकारी गराउने र कार्यक्रम सुन्न तथा हेर्न उत्प्रेरित गर्ने तथा विद्यार्थीले सो कार्य गरे नगरेको | | विना बजेट | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बेला बेला अनुगमन तथा अभिभावक संग सोधपुछ गर्ने र थप आवश्यक सहयोग गर्ने | | | | | | | | |
| १८ | आकस्मिक कोष निर्माण | प्रत्येक विद्यालयहरुमा विद्यार्थी, शिक्षक, अभिभावक, गाउँपालिका एव अन्य सरकारी तथा गैरसरकारी सँघ सँस्थाहरुको सहयोगमा विद्यालयमा आकस्मिक कोषको निर्माण गर्ने , सो कोषमा जम्मा भएको रकम अत्यावश्यक स्वास्थ्य सामग्रीहरु खरिदमा प्रयोग गर्ने । | | १ लाख ५० हजार | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १९ | कोभिड १९ सम्बन्धि सन्देश मूलक तथा जानकारीमूलक कार्यक्रम संचालन | कोभिड १९ का लक्षणहरु , सर्ने तरिका र त्यसबाट बच्ने उपायहरुका बारेमा लेखिएको ब्यानर छपाई गरी प्रत्येक विद्यालयमा वितरण गर्ने , रेडियोबाट बज्ने सूचना तथा सन्देशहरु सुन्ने तथा सुन्न लगाउने, प्रत्येक दिन विहानी प्रार्थना समयमा ५ मिनेट कोभिडका बारेमा सचेतीकरण गराउने, विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्दा पनि कोभिड १९ का विषयवस्तुमा जोड दिने, नियमित रुपमा शारीरिक व्यायम तथा योग अभ्यासहरु गराउने | | ३० हजार | शिक्षक,प्र.अ.,वि.व्य .स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ✓ | ✓ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | नियमित स्वास्थ्य जाँच कार्यक्रम तथा प्राथमिक उपचार बाकसको व्यवस्था | सबै विद्यालयले आफ्नो नजिकको स्वास्थ्य सँस्थाको समन्वयमा सबै बालबालिका तथा शिक्षक कर्मचारीहरुको कम्तिमा १ महिनाको फरकमा अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गर्ने तथा आवश्यक परामर्शका कार्यक्रम संचालन गर्ने, आवश्यक परेका खण्डमा स्वास्थ्यकर्मी सहितको हेल्प डेस्क निर्माण गर्ने, विद्यालयमा नै ज्वरो नाप्ने व्यवस्था गर्ने । नजिकैको स्वास्थ्य संस्था संग समन्वय गरी प्रत्येक विद्यालयमा अनिवार्य रुपमा प्राथमिक उपचार कबक्सको व्यवस्था गर्ने साथै सोका लागि प्रत्येक विद्यालयका एक जना शिक्षक वा कर्मचारीलाई अभिमूखीकरण गर्ने । | | ५ लाख | शिक्षक,प्र.अ.,वि.व्य.स., अभिभावक, सम्बन्धित वडा कार्यालय, पालिका | ✓ | ✓ | | | ✓ |

७.समन्वय र सहकार्य

कोरोना भाइरसको सङ्क्रमण कम भएको भएता पनि यसको प्रभाव अझै पनि रहिरहेको छ । निकट भविष्यमा फेरी पनि यसको प्रभाव देखापर्न सक्ने भएकाले यो शिक्षा प्रतिकार्य योजना तयार पारिएको हो। त्यसैले आगामी दिनमा हाम्रा बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिन र यो शिक्षा प्रतिकार्य योजनालाई कार्यान्वयन गर्नका लागि निम्नानुसारकाविभिन्न निकायसँग समन्वय र सहकार्य गरिनेछ —

क नगरपालिका

ख नगर शिक्षा समिति

ग वडा शिक्षा समिति

घ शिक्षा विकास तथा समन्वय इकाई

ङ प्रदेश सरकार

च केन्द्र सरकार

छ युनिसेफ

ज नेपाल शिक्षा समूह

झ विद्यालय व्यवस्थापन समिति राष्ट्रिय महासङ्घ

ञ विभिन्न साझेदार सरकारी तथा गैरसरकारी सङ्घ सँस्थाहरु

ट सामाजिक विकास कार्यालय

ठ स्वास्थ्य सँस्था

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१८ गते**

**आज्ञाले,**
**श्याम किशोर राय**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

| | |
|---|---|
| **कविलासी नगरपालिकाद्वारा प्रकाशित** | **मूल्य रु. १५/-** |